# भेरीगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# रोजगार सेवा केन्द्र
## सुर्खेत, कर्णाली प्रदेश नेपाल
२०७३

☎०८३-४५०१४४
E-mail:info@bheriganagamun.gov.np
ito.bheriganagamun@gmail.com
Website: bheriganagamun.gov.np

प.सं. :- २०८१/०८२
च.नं.: 22

मिति-२०८१/०७/२८

**विषय: — योजना तथा श्रमीक छनोट गरि सम्झौताको लागी पठाउने सम्वन्धमा ।**

श्री वडा नं १२ कार्यालय
भेरीगंगा नगरपालिका, सुर्खेत ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत यस आ ब मा प्रधानमन्त्री रोजगारको १०० दिनको रोजगारीका लागि आयोजना तथा श्रमिक बाडफाडको लागि यस नगरपालिकाको मिति २०८१/०७/२७ गते बसेको नगरकार्यपालिकाको निर्णयअनुसार तहाँ वडामा बाट योजना तथा श्रमिक छनोट गरि सम्झौताको लागी पठाउन हुन अनुरोध छ ।साथै तपशिलको अधिनमा रहि योजना कार्यन्यवयन गर्नहुन समेत अनुरोध छ ।

श्रमिक संख्या र स्वीकृत रकम :

| क्र. सं | श्रमिक संख्या | स्वीकृत रकम |
|---|---|---|
| १ | ५ जना (युवारुप) | ३३४०००।(५० दिनको काम ५० दिनको तालिम) |

तपशिल :

१. योजना छनोट गर्दा साझेदारी (निर्माण सामाग्री) वडाले व्यवस्था गर्दा उपयुक्त हुने ।
२. रोजगार सेवा केन्द्रवाट सूचीकृत भई वडामा पठाइएको प्राथमिकिकरण सूची अनुसार क्रमश: खटाउनुपर्ने, प्राथमिकिकरण अनुसार कुनै व्यक्ति सम्पर्कमा नआएमा तल्लो व्यक्तिलाई क्रमस काममा खटाउनुपर्ने ।
३. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना(युवारुप) आयोजनाको लागि प्राथमिकिकरणअनुसार १८ देखी ४० बर्ष सम्मको श्रमिकलाई मात्र काममा लगाउनुपर्ने ।
४. मिति २०८१/०७/२७ गतेको नगरकार्यपालिकाको निर्णय अनुसार काममा खटाउनुपर्ने तथा काममा खट्ने श्रमिकहरुमध्यबाट रोजगार उपभोक्ता समिति गठन गर्नुपर्ने,गठित उपभोक्ता समितिले वडाको सिफारीस सहित *लागत अनुमान तथा योजना सम्झौता गरेर मात्र योजना अगाडी बढाउनुपर्ने छ ।*
५. परिचयपत्र सहित श्रमिकलाई काममा खटाउनुपर्ने भएकाले तत्काल छनौटमा परेका श्रमिकहरुको नाम नामेशी रोजगार सेवा केन्द्रमा सम्झौताको लागि पठाउनुपर्ने ।
६. इस्टिमेट अनुसारको काम गर्न तथा गराउन सहजिकरण गर्नुपर्ने ।
७. वडा स्तरीय अनुगमन समितिले निरन्तर अनुगमन गर्नुपर्ने ।

प्रकाश चौलागाईं
रोजगार संयोजक

**.....श्रमको सम्मान राष्ट्रको अभियान.....**



CamScanner

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
सुर्खेत, कर्णाली प्रदेश नेपाल

२०७३

☎०८३-४५०१४४
E-mail:info@bherigangamun.gov.np
ito.bherigangamun@gmail.com
Website: bherigangamun.gov.np


प.सं. :- २०८१/०८२
च.नं.:

८. भुक्तानी बैंक खाता मार्फत मात्र हुने भएकाले हरेक श्रमिकको बैंक खाता खोल्नका लागि सहजिकरण गरिदिनुपर्ने
९. ५० दिनको आयोजना अन्तर्गतको काम र ५० दिनको सिपमुलक कार्यक्रम भएको हुदा सो अनुसारको पुनः निर्माणमुलक आयोजनाको छनोट गर्नुपर्ने ।

**श्रमिकले पालना गर्नुपर्ने नियमहरु**

रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिने कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजनाहरुमा रोजगारीका लागि छनौट भएका व्यक्तिहरुले निम्न कुरामा ध्याना दिनुपर्नै छ :

१. गठित समितिले पनि अन्य श्रमिक सरह कामकाज गर्नुपर्ने छ ।
२. श्रममूलक काममा प्रयोग हुने औजारहरु) कोदालो, फरुवा, बेल्चा, हसिया, बन्चरो,गैति,घन,साबेल लगाएतका अन्य सामाग्री (को व्यवस्था श्रमिकहरु स्वयम् ले नै गर्नु पर्नेछ ।
३. प्राविधिक लागत इष्टिमेट अनुसारको काम गर्नु पर्नेछ । रोजगार उपभोक्ता समितिले तोकेका नियमहरुको पालना गर्नु पर्नेछ ।
४. १०० दिने रोजगारीमा खटिएका श्रमिकले कामको बिचमै अथवा काम पुरा नहुदै काम छोडेमा सो अवधीको रकम नपाएमा पालिका जवाफदेही हुने छैन ।
५. तोकिएको व्यक्तिको सट्टामा अर्को व्यक्ति काममा खटिई सो काम वापतको ज्याला तथा विमा नपाएमा पालिका जवाफदेही हुने छैन ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिकको सामूहिक दुर्घटना विमा भएको।

प्रकाश पौडेल
(रोजगार संयोजक)

**बोधार्थ**

श्रीमान् नगर प्रमुख ज्यू,
श्रीमान् नगर उपप्रमुख ज्यू,
श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
भेरीगंगा नगरपालिका ।



CamScanner